# निजगढ नगरपालिका

## निजगढ,बारा

### ठेक्का वन्दोवस्त सम्वन्धि

### बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।२।१६ गते)

यस नगरपालिकाको मिति २०७५।२।११ गतेको निर्णयअनुसार यस कार्यालयवाट आ.व. २०७५।२०७६ को लागी निम्न अनुसारको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपसीलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी इच्छुक व्यक्ति वा फर्म वा संघ संस्था वा कम्पनीहरुले सिलवन्दी बोलपत्र फाराम निम्नानुसार दस्तुर बुझाई यस कार्यालयवाट खरिद गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

१, व्यक्तिले सिलवन्दी वोलपत्र खरिद गर्नको लागी नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन दिनु पर्ने छ । अन्य फर्म, संघ संस्था कम्पनीले दर्ता प्रमाण पत्र, आन्तरीक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०७३।२०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन दिनु पर्ने छ ।

२, ठेक्का अवधि २०७५ साल श्रावण १ गते देखि २०७६ साल आषाढ मसान्तसम्म हुनेछ ।

३, सिलवन्दी बोलपत्र मिति २०७५।३।१३ गते दिनको ५ वजेसम्म यस कार्यालयवाट खरिद गर्नु पर्नेछ । सिलवन्दी बोलपत्र मिति २०७५।३।१४ गते १२ वजे भित्र दर्ता गरी सक्नु पर्नेछ ।

४, रितपुर्वक दर्ता हुन आएका सिलवन्दी बोलपत्रहरु मिति २०७५।३।१४ गते २ वजे यस कार्यालयमा सरकारी कार्यालय प्रतिनिधि, सम्वन्धित वोलपत्रदाताको प्रतिनिधीको रोहवरमा खोलीने छ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै वाधा पुग्ने छैन ।

५, धरौटी वापतको रकम नेपाली नागरीक भएमा बोलकवोल अंकको ५ प्रतिशत र विदेशि नागरीक भए १० प्रतिशत रकम यस कार्यालयको श्री कृषि विकास बैंक, निजगढको धरौटी खाता नं. ०५०७६००६७६०५००२६ मा नगदै दाखिला गरी वा वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी (विडवण्ड) सिलवन्दी बोलपत्र फाराम साथ संलग्न राखी पेश गर्नु पर्ने छ ।

६, ठेक्का स्वीकृत भएपछि ठेकेदारले आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाएमा १० दश प्रतिशत सहुलियत वापत छुट दिईनेछ।

७, सिलवन्दी बोलपत्र फाराममा वोलपत्रदाताले तोकिएको न्युनतम अंक भन्दा कम वोलकवोल गर्न पाउने छैन । वोलपत्र दाताले बोलपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

८, प्रचलित कानुन वमोजिम बुझाउनु पर्ने करहरु ठेकेदारले बुझाउनु पर्ने छ ।

९, कानुनले निषेध गरेको वस्तु वा सामानमा कर लिन पाईने छैन । साथै नगरपालिकाले विकास निर्माण कार्यमा प्रयोग गर्ने वस्तुमा कुनै कर दस्तुर लिन पाईने छैन र सो वापत कुनै माफी मिन्हाको दावी गर्न पाईने छैन ।

१०, बन्द हडताल लगायत नगरवासीहरुले ठेक्का चलन गर्न नदिएको जस्ता कुनै पनि कारणवाट ठेकेदारलाई क्षतिपुर्ति पुग्न गएमा ठेकेदार स्वयम जिम्मेवारी हुनु पर्नेछ । सो वापतको कुनै क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

११, ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२, ठेक्का लिने पक्षले प्रचलित कानुन वमोजिम तथा सम्झौताका शर्तहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ । कार्यालयलाई क्षति पुग्ने कार्य गरेमा सोको क्षेतिपुर्ति ठेकेदारवाट बांकी सरह असुल उपर गरीनेछ ।

१३, सम्विन्धत कर तथा शुल्कका दरहरु वोलपत्र फाराम साथ ठेकेदारलाई उपलव्ध गराउने छ । साथै नगरपालिकावाट प्राप्त गर्न सकिने छ ।

१४, यस सम्वन्धि अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखा मो.नं. ९८५५०४४०१३ बुझ्न सकिने छ ।

१५, यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन वमोजिम हुने छ । यो सुचना www.nijgadhmun.gov.np मा समेत हेर्न सकिनेछ ।

| ठेक्का नम्वर | ठेक्काको प्रकार | कार्य क्षेत्र | न्यूनतम अंक | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १६।२०७४।०७५ | सार्वजनिक संरचना मर्मत सम्भार सेवा शुल्क | निजगढ नगरपालिका क्षेत्र भित्र | ४४१०,०००।- | ३,०००।- | |

भरतचन्द्र अधिकारी
प्रमुख प्रशासकीय अधिकृत